# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०८० साल पौष १९ गते बिहीबार बसेको ९८औं बैठकको निर्णयानुसार कम्पनीको सातौं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समयः**

मिति: २०८०/१०/१४ (तद्नुसार २८/०१/२०२४), आइतबार

स्थान: आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, नक्साल, काठमाण्डौ ।

समय: बिहान ११:०० बजे ।

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावः**

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम बाह्य लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चूक्ता पूँजी रु. ३,७५,००,००,०००/- को ५(पाँच) प्रतिशतका दरले हुने रकम रु. १८,७५,००,०००/- (अक्षरेपी अठार करोड पचहत्तर लाख रुपैयां मात्र) बराबरको शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुंदा उक्त बोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.२६३२ प्रतिशतले हुने रु.९८,६८,४२१/- (अक्षरेपी अन्ठानब्बे लाख अठ्सठ्ठी हजार चार सय एक्काइस रुपैयां मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

५. सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २(दुई) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावः**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु. ३,७५,००,००,०००/- को ५(पाँच) प्रतिशतले हुने रकम रु. १८,७५,००,०००/- (अक्षरेपी अठार करोड पचहत्तर लाख रुपैयां मात्र) बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. बोनश शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. ३,९३,७५,००,०००/- पुग्ने हुंदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ५(ग) मा भएको तत्काल चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

३. संशोधित प्रबन्धपत्र अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी जानकारी

१. कम्पनीको सातौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/२९ गते कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/२६ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन पाउनेछन ।

२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही खाता नम्बर (BOID) वा आफ्नो परिचय खुल्ने कागजात तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र लिई आउनु हुन अनुरोध गरिन्छ ।

३. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिन भन्दा ४८ घण्टा अगावै (अर्थात मिति २०८०/१०/१२ गते विहान ११:०० बजे भित्र) कम्पनीको प्रधान कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिने छैन । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नुहुनेछ तर मतदान गर्न पाउनु हुनेछैन ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वत: रद्द हुनेछ ।

५. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नुहुनेछ ।

६. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एकजना व्यक्तिले मात्र सभामा भाग लिन पाइनेछ ।

७. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषय बारे २०८० साल माघ ७ गते सम्ममा कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ । त्यस्तो विषय सञ्चालक समितिको अध्यक्षलाई उचित लागेमा मात्र छलफलका लागि समावेश गरिनेछ ।

८. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा कक्षमा उपस्थित भई दिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

९. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैंले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट जवाफ दिइनेछ ।

१०. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि खुला रहनेछ ।

११. सञ्चालक समितिको प्रतिवेदन तथा लेखापरीक्षण भएको वित्तीय विवरणहरु कम्पनीको प्रधान कार्यालयमा सम्पर्क गरी वा कम्पनीको वेवसाइट www.citizenlifenepal.com बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

१२. सभा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको प्रधान कार्यालय, एल.एस कम्प्लेक्स, थापाथली, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।

१३. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सूचना प्रकाशन गरे बमोजिम हुनेछ । उक्त निर्वाचन सम्बन्धी सूचना तथा कार्यक्रम कम्पनीको प्रधान कार्यालय थापाथली, काठमाण्डौको सूचना पाटीमा टांस गरिनेछ ।

Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

**सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
एल. एस. कम्प्लेक्स, थापाथली, काठमाडौं । फोन: ०१-५३१६००० र ०१-५९७०२१७
Email: info@citizenlifenepal.com | URL: www.citizenlifenepal.com